# कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

भूमिका

स्थानीय तहबाट संचालन गरिने विकास निर्माणको कार्य तथा नगरपालिका तथा वडा कार्यालयहरुबाट सार्वजनिक सेवा सम्पादन गर्दा आईपरेका समस्या र समाधानका सम्बन्धमा सेवा प्रदायक र सेवाग्राही नागरिकहरुका बिचमा दोहोरो सम्बाद स्थापित गरि नगरको विकास र सम्बृद्धिका प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमबाट सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारी सस्कार बसाउन सार्वजनिक सेवा प्रदान गर्ने निकायले चौमासिक रुपमा सेवाग्राहीको राय बुझ्ने सजिलो माध्यमको रुपमा सार्वजनिक सुनुवाई गर्ने गरिएको छ ।

स्थानीय तहबाट संचालित विकास निर्माणका कार्यक्रम लगायत उपलब्ध सेवा बस्तु र सुबिधाका बिषयमा सार्वजनिक गरि त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक स्थलमा नै नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरि सोहि बमोजिम सेवा प्रवाह मार्गदर्शन हुने बिश्वास लिईएको छ ।कालिका नगरपालिकाले आर्थी वर्ष २०८०/८१ को दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम यहि २०८० फाल्गुन २९ गते मंगलवार दिनको १ बजे कालिका नगरपालिका वडा न. २ को वडा कार्यालय भवनमा संचालन भएको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दा देहायका उदेश्य लिईएको थियो ।सो अनुसार निम्न बमोजिम कार्यहरु सम्पन्न भएका थिए ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम कालिका नगरपालिकाका नगरप्रमुख श्री बिनोद रेग्मीको अध्यक्षतामा करिव १.३० बजे नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष ज्युहरु, शाखा प्रमुख ज्युहरु, वडा सदस्य ज्युहरु, उपभोक्ता समितिका पदाधिकारी, विभिन्न संघ सस्था प्रतिनिधि, स्थानीय सामाजिक अगुवाहरु , स्थानीय बासी गरि करिव १६० जना व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

२.कालिका नगरकार्यपालिकाको कार्यालयबाट दोस्रो चौमासिक अवधिमा संचालन भएका गतिविधिहरुको जानकारी एबम सार्वजनिकीकरण प्रमुख प्रशासकीय अधिकृत श्री चूडामणि शर्मा गौतमले गर्नुभएको छ । सो प्रतिवेदन यस प्रकार रहेको छ ।

शाखा अधिकृत

## कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनद्वारा आयोजित

## सार्वजनिक सुनुवाई (२०८०/०८/०१ देखी २०८०/११/२८) कार्यक्रममा

## कालिका नगरकार्यपालिकाको कार्यालयद्वारा सम्पादन गरिएका कार्यहरुको सार्वजनिकीकरण

1. पृष्ठभूमिः

सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा ३, सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०६५ नियम १९ र प्रदेश सुशासन ऐन, २०७७ को दफा ३१ बमोजिम यस कालिका नगरपालिकाद्वारा मिति २०८०/०८/०१ देखी हिजो मिति २०८०/११/२८ गते सम्म सम्पादन गरेका काम / कारवाहीलाई स्वच्छ, पारदर्शी, वस्तुनिष्ठ बनाउन, सरोकारवालाहरूको कानूनसम्मत सरौकारलाई सम्बोधन गर्न यो सार्वजनिक सुनुवाई आयोजना गरिएको छ।

यस सार्वजनिक सुनुवाई मार्फत नगरपालिका र नगरबासी बिच दोहोरो सम्वाद स्थापित भई नगरपालिकाको कार्यसम्पादन पारदर्शी, गुणस्तरीय, प्रभावकारी बनाउन नगरबासीको रचनात्मक प्रतिनिधित्व र जिम्मेवारीको बोध गराउने र नगरपालिकाले उठेका प्रश्न, जिज्ञासा तथा गुनासोहरुको सम्बोधन गर्दै सेवा प्रवाह र विकास निर्माणका कार्यमा थप रचनात्मक सल्लाह, सुझाव प्राप्त गर्ने अपेक्षा गरिएको छ।

2. मोडरेटरः
3. समयः दिनको १ बजे
4. स्थानः वडा न. २ न. वडा कार्यालय परिसर
5. उद्धेश्यः यस सार्वजनिक सुनुवाई कार्यक्रमका उद्धेश्य देहाय बमोजिम हुनेछन्:
   1. चालु आर्थिक वर्ष ८०/८१ को दोश्रो चौमासिक भरिमा नगरपालिकाद्वारा सम्पादित कार्यहरूको सर्वसाधारणको जानकारीका लागि सार्वजनीकरण गर्ने।
   2. नगरपालिका र स्थानीय नागरिकहरू, सरोकारवालाहरूसँग दोहोरो संवाद स्थापित गर्ने।
   3. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सरोकारवाला नागरिकका प्रश्न, गुनासो तथा जिज्ञासाको सम्बोधन गर्ने।
   4. आगामी दिनमा कालिका नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह, विकास निर्माण तथा प्रशासनिक कार्य अगाडि बढाउन उपस्थित सरोकारवालाको राय, धारणा तथा सुझाव सङ्कलन गर्ने।
   5. सरोकारवालाको गुनासो यथासम्भव सम्बोधन गर्ने/गराउने
6. सार्वजनिक सुनुवाई कार्यक्रममा आज सार्वजनिक हुने विषयहरू

क) अघिल्लो सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरू र सो को कार्यान्वयन अवस्थाः

१. कार्यालयको सेवा प्रवाहलाई बढी जनमुखी तथा पारदर्शी र मुस्कान सहितको सेवालाई प्रभावकारी बनाईने छ।

शाखा अधिकृत

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रेडक्रसग्राम, चितवन बागमती प्रदेश, नेपाल २०७३

क. सेवा प्रवाह लाई प्रभावकारी बनाउन सम्पत्ति कर वडाबाट नै संकलन गर्ने कार्यलाई ९ वटा वडामा पुर्याएको र बाकी वडामा क्रमश हस्तान्तरण गर्दै लगिनेछ।

ख ) कार्यालयम र वडा कार्यालयमा सेवाग्राही कक्ष (help desk) बाट निवेदन लेखन, फोटोकपी उपलब्धता तथा कार्यालय संग सम्बन्धित जानकारी प्रदान गर्ने गरिएको ।

ग ) नागरिक अभिमत बाट प्राप्त सुझाव कार्यन्वयन गरिएको।

२. आगामी सार्वजनिक सुनुवाईलाई बढी सहभागीता मुलक गराई गुणस्तरमा जोड दिइने छ।

क) यस पटक कालिकाको बिकासको क्रममा पछाडि परेको चेपांग समुदायको विकास सम्बन्धि राय बुझ्ने कार्यको थालनी गरिएको।

ख) प्रचार प्रसारको लागि माईकिंग कालिका नगरपालिका क्षेत्रभित्र गरिएको।

ग) वडा स्तरमा पनि प्रचारका लागि सहजीकरण गर्न पत्राचार गरिएको।

घ) कार्यालयको facebook तथा website मा सूचना राखिएको। कार्यालयको र वडाको सूचना पाटीमा समेत सूचना राखिएको।

३. सार्वजनिक सुनुवाईमा प्राप्त रचनात्मक सुझावहरुलाई कार्यान्वयनमा जोड दिइने छ।

सार्वजनिक सुनुवाई कार्यक्रममा प्राप्त रचनात्मक सुझावहरुलाई क्रमश कार्यान्वयन गरिएको र आगामी दिनमा पनि कार्यान्वयन गरिदै लगिने छ

४. कालिका नगरपालिकाको कार्यक्रममा सीप विकास आय-आर्जनका कार्यक्रमहरु संचालन गर्नका लागि नीतिहरु तय गरी संचालनमा ल्याइने छ।

क) कालिका नगरपालिकाबाट विभिन्न सीप विकास कार्यक्रम संचालन गर्न रकम बिनियोजन गरि चालु आर्थिक वर्षमा करिव १५० जनालाई स्व -रोजगार तालिम उपलब्ध गराउने गरि कार्यक्रम संचालन भई रहेको।

ख) नगरपालिकाबाट बिगतमा सीप विकास तालिम लिई उद्यमी भएका व्यक्तिहरुलाई एडभान्स कोर्ष स्तरोन्नति र प्रविधि हस्तान्तरण गर्न रकम बिनियोजन गरिएको।

<u>हाम्रा थप प्रतिवद्धता</u>

१. संघ , प्रदेश ,स्थानीय तह र अन्य निकायसंग सहकार्य गरी विकास निर्माण कार्यलाई अघि बढाईने छ।
नेपालमा ३ तहको सरकार विद्यमान रहेको अधिकार र काम कर्तब्यको क्षेत्रहरुमा पनि समन्वय,सहकार्य,सह अस्तित्वलाई स्वीकार गर्दै विकास निर्माणका कार्यहरुलाई अगाडि बढाईएको र पालिकाहरु बीच पनि समन्वय र सहकार्यमा कार्यहरु भईरहेको छ।

२. बिधुत प्राधिकरणसंग अधुरा तथा पहुच नपुगेका स्थानहरुमा लाईन विस्तार कार्यलाई अगाडि बढाईने छ।

शाखा अधिकृत

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रैङ्कसगाम, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

३. नगरको फोहर व्यवस्थापनका लागि उपयुक्त स्थान खोजि कार्य भई रहेको र व्यवस्थापनका लागि छिट्टै कार्यान्वयनको चरणमा लगिने छ

ख . दोस्रो चौमासिक अवधिमा भए गरेका कार्यहरु:-

१. नगरपालिकाको प्रमुख कार्य दैनिकी सेवा प्रवाह हो। यसको लागि नगरपालिका र वडा कार्यालयहरूबाट नियमित पञ्जीकरण, सिफारिस, तथा अन्य सेवाहरू उपलब्ध भईरहेको छ।

२. अधुरा तथा स्वीकृत योजना निर्माण कार्य समयमा सम्पन्न गराउने गरी कार्यक्रम गरिएको। चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसार तेत्तिस वटा योजनाको (बोलपत्र सङ्ख्या १८) बोलपत्र निस्कासन गरिएको छ |

३. रासायनिक मल सहज रुपमा आपूर्ती तथा बिक्रि वितरणको व्यवस्था मिलाईएको।

४. जग्गा बर्गीकरणको मापदण्ड तयार गरिएको छ। कालिका नगरपालिकाका प्रत्येक कित्तालाई नक्शाङ्कन नै गरी बर्गीकरण गर्नु पर्ने भएकोले सोको लागि अस्थाई रुपमा वडालाई अधिकार प्रत्यायोजन गरि सेवा प्रवाहलाई सरलीकृत गरिएको छ।

५. चालु आ व को दोस्रो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको बैंक खातामा जम्मा गर्ने विधुतीय रकम भुक्तानी प्रणाली मार्फत वितरणको व्यवस्था मिलाईएको छ।

६. सहकारीको सेवा प्रवाहलाई पारदर्शी बनाउन सहकारी सस्थाहरुसंगको सहकार्य अगाडि बढाईएको |

७. ७८ जना महिलाहरुलाई उद्यमशिलता तालिम प्राप्त सहित ...२० जनालाई मेटल चुरा पोते ...२५ जनालाई ब्युटीपार्लर...९..नेल सजावट ...२४..जनालाई सिलाई कटाई गरि ७८ जनालाई सीप विकास तालिम उपलब्ध गरीएको |

८ . गरिवसंग बिश्वेश्वर कार्यक्रम अन्तर्गत २५. जनालाई सर्फ सावुन हर्पिक फिनेलजस्ता दैनिक उपयोग हुने खालका सामाग्री उत्पादन गर्ने तालिम उपलब्ध गराएको |

९. १५७ टोल बिकास सस्थाका अध्यक्ष एवं प्रतिनिधिलाई वालश्रम तथा फोहर व्यवस्थापन सम्बन्धि १/१ दिन अभिमुखीकरण तालिम उपलब्ध गराएको |

१०. वडा गत रुपमा १ न. मा कपाल काट्ने तालिम २१ जना ,२ र ६ मा मेटल चुरा, पोते ६४ जना ४ न. मा ड्राईभिंग ५५ जना र वडा न. ८ मा ३० जना लाई कुक गरि जम्मा १७० जनालाई सीप विकास तालिम उपलब्ध गराएको |

११. बिद्यालयमा अध्ययनरत बाल बालिकालाई बाल बिबाह रोकथाम सम्बन्धि सचेतना कार्यक्रम संचालन |

१२. बिद्यालयमा कार्यरत कर्मचारीलाई लेखा सम्बन्धि तालिम उपलब्ध गराएको |

शाखागत प्रगति प्रस्तुतिः

**प्रशासन शाखाः**

शाखा अधिकृत

**दरवन्दी तथा पदपुर्ति अवस्थाः**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्थायी कर्मचारीहरुः नगरपालिकाको कार्यालय र वडा कार्यालयतर्फ | | | | | अस्थायी कर्मचारीहरुः (करार तथा ज्यालादारी) | | |
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति | १ | नगरपालिका तथा वडातर्फ करार | ४७ |
| जम्मा | ५९ | ४४ | १५ | १ | २ | स्वास्थ्य तर्फ करार | ३८ नगर अस्पताल समेत |
| स्वास्थ्यतर्फ नगर अस्पताल, स्वास्थ्य चौकी र प्रास्वाके समेत | | | | | ३ | ज्यालादारी | १२ |
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति | ४ | जम्मा | ९७ |
| | ३१ | ३१ | ० | ० | **जम्मा कर्मचारी संख्याः १७२** केही दरवन्दीमा अधिक पदपुर्ति तथा केही अत्यावश्यक पद रिक्त छन् । १० र ११ वडामा वडा सचिव र प्राविधिक कर्मचारीबाट २ वटा वडामा कार्य गर्ने गरी व्यवस्थापन मिलाईएको छ । प्रदेश लोक सेवा आयोगमा जम्मा १५ जना कर्मचारीहरु माग गरिएको । एक जनालाई सरुवा सहमति प्रदान गरिएको छ । नयाँ O&M प्रक्रिया अघि बढाइएको । | | |
| जम्मा | ९० | ७५ | ० | ० | | | |

शाखा अधिकृत

**नगर सभा**को दोस्रो कार्यकालको चौथो नगर अधिवेशन सम्पन्नः मिति २०८०/०९/२९

१) कालिका नगरपालिकाको नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०८०

२) कालिका नगरपालिकाको नगर प्रहरी (गठन र सञ्चालन) ऐन, २०७६ उपर प्रथम संशोधन, २०८०

**कार्यपालिका बैठकः** बैठक संख्या र निर्णयः १० वटा बैठक सम्पन्न (मुख्य निर्णयहरु:)

१) कालिका नगरपालिकाको विद्यालय शिक्षक तथा कर्मचारीको काज सरुवा सम्बन्धी मापदण्ड, २०८० स्वीकृत

२) कालिका नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० स्वीकृत

३) कालिका नगर कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० स्वीकृत

४) कालिका नगरपालिकाको नगर दररेट २०८०/८१ स्वीकृत

५) कालिका नगरपालिकाको स्थानीय बाल अधिकार समिति गठन तथा

शाखा अधिकृत

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रैडकसग्राम, चितवन बागमती प्रदेश नेपाल २०७३

संचालन संम्बन्धी कार्यबिधि, २०८० स्वीकृत

६) कालिका नगरपालिकाको नगर प्रहरी भर्नाको लागि छनौंट तथा सिफारिस संबन्धी कार्यबिधि, २०८० स्वीकृत

७) कालिका नगरपालिकाको कालिका नगरपालिका भित्र संचालन हुने तिन पाङग्रे सवारी साधन संचालन कार्यबिधि, २०८० स्वीकृत

८) कालिका नगरपालिकाको उद्यम बिकास कोष संचालन तथा परिचालन कार्यबिधि, २०८० स्वीकृत

राजश्व उपशाखाः

दोस्रो चौमासिक अवधिमा आन्तरिक आम्दानी रु १ करोड ६५ लाख ८१ हजार ४ सय ९७ मात्र।

व्यवसाय कर र घर बहाल कर न्यून मात्रामा सङ्कलन भएको छ। बजार अनुगमन प्रभावकारी गराउने र स्थलगत मै गई व्यवसाय दर्ता गर्ने तयारीमा छौ।

नगरबासीले तिरेको कर नगरकै विकासमा लाग्ने हुदा व्यवसाय कर तिर्न, घरबहाल कर तिर्न आम नगरवासीहरुमा अनुरोध गर्दछौं।

**महिला बालबालिका तथा समाजकल्याण शाखाः**

1. अपाङ्गता परिचयपत्र वितरणः

| वर्ग | क | ख | ग | घ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| शुरु देखि पहिलो चौमासिक सम्म | ७८ | २२५ | ९७ | २४ | ४२४ | |
| दोस्रो चौमासिकको जम्मा | - | ६ | ३ | - | ९ | |
| जम्मा | ७८ | २३१ | १०० | २४ | ४३३ | |

2. अन्य सम्पादित कार्यहरूः
3. जेष्ठ नागरिक(६० वर्ष माथिका) परिचयपत्र वितरणः शुरुदेखि पहिलो चौमासिक सम्म २२४२ जना,दोस्रो

शाखा अधिकृत

चौमासिकमा १४जना, जम्मा २२५६जना वितरण गरिएको।

4. लैङ्गिक हिंसा विरुद्धङ्को १६ दिने अभियान कार्यक्रममा कार्यपालिका सदस्यहरु, कर्मचारीहरु, विभिन्न संघ, संस्थाको प्रतिनिधीहरुको उपस्थितीमा सम्पन्न गरिएको (२४२ जना उपस्थित/ सहभागी)।
5. उपमेयरसंग बालबालिका कार्यक्रम अन्तर्गत शैक्षिक सामाग्री खरिद भै सकेको वितरण गर्ने कार्य बाकी(१३९४ जना बालबालिका लाभान्वित हुने)।
6. निशुल्क लोकसेवा तयारी कक्षा संञ्चालन शुरुवात वडा न. १ देखि ११ सम्म (५० जना सहभागी )।
7. बाल बिवाह विरुद्धको सचेतनामुलक कार्यक्रम कालिका वडा न.८ र ९मा सम्पन्न गरिएको (१२३ जना सहभागी)।
8. टोल विकास संस्थाहरु बीच बालश्रम विरुद्धको सचेतना कार्यक्रम १५७वटा टोल विकास संस्थाका अध्यक्ष एवम् प्रतिनिधीहरुलाइ सम्पन्न गरिएको (१७३ जना सहभागी)।
9. कार्यक्रम तथा बजेटको लैङ्गिक परिक्षण कार्यक्रम कार्यपालिका सदस्य,शाखा प्रमुख र कर्मचारीहरु बीच सम्पन्न भएको (५१ जना सहभागी)।
10. ११४औ अन्तराष्ट्रिय महिला दिवशको अवसरमा १ दिवसीय कानूनी सचेनात्मक अन्तक्रिया कार्यक्रममा कार्यपालिका सदस्यहरु,कर्मचारीहरु,महिला, सहकारी संस्था,आमा समुह,टोल विकास संस्थाका प्रतिनिधीहरुको उपस्थिती रहेको (३१५ जना सहभागी)।
11. अपाङ्गता परिक्षण तथा अपाङ्गता परिचयपत्र वितरण दोस्रो चौमासिकमा गरिएको (९जनालाइ वितरण)।
12. आमा बाबु विहिन वालबालिकालाई संरक्षण भत्ता वितरण दोस्रो चौमासिकको कार्य जारी (६जना लाभग्राही )।
13. मध्यम अपाङ्गता भएका व्यक्तिहरुलाइ सामाजिक सुरक्षा भत्ता वितरण दोस्रो चौमासिकको कार्य जारी (१०० जना लाभान्वित हुने)।
14. महिलाहरुको सिप विकास अन्तर्गत ड्राइभिङ/हलुका सवारी चालक तालिमको लागि ७०जनाको निवेदन प्राप्त, कार्यक्रम संचालनको प्रकृयामा रहेको।

शाखा अधिकृत

15. सामाजिक सुरक्षा भत्ता वितरणः

| वर्ग (दोश्रो त्रैमासिक) आ.व ०८०/८१ | जेष्ठ | जेष्ठ दलित | जेष्ठ एकल | विधवा | अपाङ्गता क | अपाङ्गता ख | दलित वालवालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ थप | ३३ | २ | ७ | १९ | ० | ४ | १६ | ८१ |
| जम्मा | २८०२ | ११४ | ३१८ | ६३० | ७९ | २२८ | १८३ | ४३५४ |

- ✔ लगत कट्टा ४५ जना
- ✔ जम्मा वितरित भत्ताः ४ करोड ४८ लाख ८६ हजार ५ सय ९३ । (रु ४४८८६५९३।- )

**घटना दर्ताः (२०८० साल कार्त्तिक १ गते देखि २०८० साल माघ २९ सम्म)**

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १६१ | १९९ | ३६० | ५५ | ५४ | १०९ | १९ | १५० | ५३ | १६२ | ३९ | ९२ | ७३० |

न्यायिक समिति तर्फ

न्यायिक समितिको बैठकः नियमित बैठक वस्ने गरिएको, यो अवधिमा ८।

नगर स्तरमा १२ वटा मुद्दा दर्ता भएकोमा सो मध्ये ८ वटा मिलापत्र भएको । ( सम्झौता अनुसार कार्य गर्ने गरी २ वटा , लेनदेन सम्बन्धी ५, सार्वजनिक स्थल डिपवोरिङ्ग सम्बन्धमा १ वटा) र ४ वटा मुद्दा छलफलको क्रममा रहेको ।

राजपत्र प्रकाशनः २ वटा कानून राजपत्रमा प्रकाशन भएको । छापाखानामा गएको- ४ वटा

योजना तथा अनुगमन उपशाखा

शाखा अधिकृत

क. वडा गत योजना संख्या र कार्यान्वनको अवस्था:

| सि. नं. | वडा नं. | संझौता भएका योजना संख्या | भुक्तानी भएका योजना संख्या | रनिङ विल भुक्तानी |
|---|---|---|---|---|
| १ | १ | ११ | १ | 0 |
| २ | २ | ९ | ४ | 0 |
| ३ | ३ | १० | ६ | १ |
| ४ | ४ | १३ | ४ | 0 |
| ५ | ५ | १४ | ३ | 0 |
| ६ | ६ | २२ | ११ | 0 |
| ७ | ७ | १४ | ६ | 0 |
| ८ | ८ | १६ | ९ | 0 |
| ९ | ९ | २४ | ११ | 0 |
| १० | १० | १३ | १ | 0 |
| ११ | ११ | ११ | ७ | 0 |
| जम्मा | | १६९ | ६९ | १ |

६९ वटा उपभोक्ता समितिले १ करोड ८८ लाख १३ हजारको कार्य सम्पन्न भुक्तानी भएको।

१ वटा उपभोक्ता समितिले रनिङ विल वापत २४ लाख ६५ हजार भुक्तानी भएको।

**पुर्वाधार बिकास शाखा**

पुरानो अधुरो योजनाहरू कार्यान्वयनको अवस्था :

| सि .नं | योजनाको नाम | काम को अवस्था | कैफियत निर्माण |
|---|---|---|---|

शाखा अधिकृत

| | | | |
|---|---|---|---|
| | | | ब्यबसायी |
| १ | खोलेसिमल गुरौचौर कुमालगाउ कालोपत्रे (पहिलो पार्ट) | निर्माण ब्यबसायी संपर्कमा आइ प्राइम को काम सुरु गरेको र चाडै कालोपत्रे काम सुरु गर्ने भनेको | अनेष्ट |
| २ | प्रशासकीय भवन | निर्माण भइ रहेको (finishing कार्य बाँकि) | रविना |
| ३ | विभिन्न कल्भर्ट | धरौटी जफत गरी ठेक्का तोडी कालो सुचिमा राख्ने प्रक्रियामा अगाडी बढेको | सेक्टर |
| ४ | गोपी लामाको घर देखि उदयपुर सामुदायिक वनसम्म कालोपत्रे | कार्य सुरु नभएको ( सबबेश सम्म कार्य भएको) निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कारबाही प्रकृया अगाडी बढेको | अर्भान |
| ५ | वडा नं. ८ को वडा कार्यालय भवन | कार्य सुरु नभएको (DPC सम्म कार्य भएको) राष्ट्रिय बन क्षेत्रमा भवन निर्माण कार्य गरेको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरि पश्चात डिभिजन बन कार्यालयले निर्माण कार्यमा रोक लागाएकोले निर्माण कार्य रोकिइरहेको | स्काइलाइन |
| ६ | भिम वहादुर थापाको घर देखि २ नं. वडा कार्यालय अगाडी वाटो कालोपत्रे | ठेकदार सम्पर्कमा रही चैत्र बैशाख बाट काम सुरु गर्ने भनि जानकारी गराएको | पाण्डे |
| ७ | तुलसी खनालको घर देखि भिम पनेरुको घरसम्म कालो पत्रे | कार्य सुरु नभएको ( सबबेश सम्म कार्य भएको) निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कार्यवाही प्रकृय अगाडी बढेको | अर्भान |
| ८ | मदन आश्रीत चोक देखि पश्चिम कविता न्यौपानेको घर सम्म कालोपत्रे | कार्य सुरु नभएको ( बेश सम्म कार्य भएको) निर्माण ब्यबसायी संपर्कमा नरहेकोले निर्माण ब्यबसायीलाइ कार्यवाही प्रकृय अगाडी बढेको | अर्भान |
| ९ | गढुवा चोक त्रिवेणि चोक नव मिलिजुली चोक वाटो मर्मत | ठेक्का तोडी कालो सुचिमा राख्ने प्रक्रियामा अगाडी बढेको | प्रशंशा |

शाखा अधिकृत

| | | | |
|---|---|---|---|
| | | | |
| १० | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे (पहिलो पार्ट) | कार्य सुरु नभएको ( बेश सम्म कार्य भएको)<br>सम्मानित जिल्ला अदालत को निर्णयका कारण निर्माण कार्य अवरुद्ध भएको मा अदालतको आसेश पश्चात कार्यालयको निर्णय अनुसार निर्माणकार्य सुचारु नगरेकाले निर्माण ब्यबसायीलाई कार्यवाही प्रकृय अगाडी बढेको । निर्माण ब्यबसायीले ठेक्का तोडी पाँउ भनी नेपाल मध्यस्थता परिषदमा निबेदन गरेको । | पाण्डे |
| ११ | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे (दोस्रो पार्ट) | केहि भागमा कालोपत्रे कार्य बाँकि रही अरु भागमा कालोपत्रे सकिएको (अन्दाजी ८०% कार्य सकिएको)<br>सम्मानित जिल्ला अदालत को निर्णयका कारण निर्माण कार्य अवरुद्ध भएको मा अदालतको आदेश पश्चात कार्यालयको निर्णय अनुसार निर्माणकार्य सुचारु नगरेको। निर्माण ब्यबसायीले ठेक्का तोडी पाँउ भनी नेपाल मध्यस्थता परिषदमा निबेदन गरेको । | पाण्डे |
| १२ | सुन गुरौको घर देखि अजम्वरे टोल कालोपत्रे | कार्य सुरु नभएको (अन्दाजी ९५% कार्य सकिएको)<br>पुनः म्याद थप सम्बन्धी सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना आएको । | हाइवे |
| १३ | ढोकुन थार्वालिङ गुम्वा भवन निर्माण | निर्माण भइरहेको (अन्दाजी ४० प्रतिशत भौतिक कार्य भएको)<br>संस्कृति तथा पर्यटन मन्त्रालयबाट बजेट नआउदा कार्य रोकिएको | ड्रयागन |

**आ. व. २०८०/८१ ठेक्का प्रकृया बाट योजनाहरू कार्यान्वयनको अवस्था**

योजनाहरु एकिकृत गरी वा एकल रुपमा ठेक्का प्रकृयाका लागि सूचना गरिएका योजनाहरु

शाखा अधिकृत

| सि .नं | ठेक्का न | योजनाको नाम | प्याकेज गरेको योजना विवरण | कामको हाल को प्रगति विवरण |
|---|---|---|---|---|
| काम संचालनमा रहेका ठेक्काहरु | | | | |
| १ | 001/WORKS/ NCB/KM/080/ 81 | वडा नं ४ का बिभिन्न बाटो कालो पत्रे योजना | खण्ड १- हरि सापकोटा को घर देखी पश्चिम ठाकुर अधिकारी को घर सम्म कालोपत्रे<br>खण्ड २ - चन्द्रप्रसाद सुवेदी को घर देखी दक्षिण सिमना सम्म कालोपत्रे<br>खण्ड ३ - माइनस १ नं बातो गणेश मन्दिर चोक देखी कमल आचार्य घर सम्म | ७५५ मि बाटो मा subgrade को काम सम्पन्न भइ subbase को काम सुरु भएको |
| २ | 002/WORKS/ NCB/KM/080/ 81 | वडा नं ५ का बिभिन्न बाटो कालो पत्रे योजना | खण्ड १- कालुमाया पाण्डे को घर देखी पूर्ब वोडा नम्बर ४:को सिमना सम्म कालोपत्रे<br>खण्ड २ - आधारभूत विद्यालय ढेढौली देखी उत्तर कालोपत्रे क्रमगत | ५२० मि मि बाटो मा subgrade को काम सूरु भएको |
| ३ | 003/WORKS/ NCB/KM/080/ 81 | वडा नं २ का बिभिन्न बाटो कालो पत्रे योजना | खण्ड १-कमलपुर अमृत शान्ति बलरामपुर टोल सिमाना सडक कालोपत्रे वडा नम्बर २<br>खण्ड २-कमलपुर अमृत शान्ति बलरामपुर टोल सिमाना सडक कालोपत्रे<br>खण्ड ३- महिला सञ्जल र कबर्ड हल अगाडिको बाटो कालोपत्रे<br>खण्ड 4-सुमन महतोको घर देखी पानी टँकी कल्भर्ट सम्म सडक स्तरउन्नती | १३६५ मि बाटोमा subbase को काम सम्पन्न भएको |

शाखा अधिकृत

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय, चितवन
रेडकसग्राम, बागमती प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | | खण्ड ५-चितवन जिल्ला कालिका ना.पा.२.जितपुर र सहपुरको सडक स्तरोन्नति | |
| ४ | 004/WORKS/ NCB/KM/080/ 81 | वडा नं ३ का बिभिन्न बाटो कालो पत्रे योजना | खण्ड १- नारायण गिरिको घर देखी पश्चिम २ नं सिमाना सम्मा कालोपत्रे खण्ड २ - बाबा चोक देखी उत्तर गुम्बा चोक सम्म सडक कालोपत्रे | ६१४ मि बाटो मा subgrade को काम सम्पन्न भइ subbase को काम सुरु भएको |
| ५ | 005/WORKS/ NCB/KM/080/ 81 | सिद्धि तिन दोभान देखि वार्ड न ११ को कार्यालय पहुच सडक निर्माण | खण्ड १- वार्ड न ११ जोड्ने सडक समपुरक न .पा तर्फ<br>खण्ड २ - सिदि दिन दोबान देखि वार्ड न ११ को कार्यालय पहुच सडक निर्माण | नाला निर्माण ,अन्य पूर्वाधार को काम हुदै (३०% काम सम्पन्न भएको ) |
| ६ | 006/WORKS/ NCB/KM/080/ 81 | वार्ड न ७ मा ढल तथा नाला निर्माण | खण्ड १-मेघ बहादुर केसीको घर देखि क्लब चोकसम्म नाला निर्माण वार्ड न ०७<br>खण्ड २-सगुन चोक देखि क्लब चोक नाला निर्माण निरन्तरता<br>खण्ड ३- मेघ बहादुर केसीको घर देखि क्लब चोक सम्म नाला | ९९० मि नाला को काम सम्पन्न भएको |
| ७ | 007/WORKS/ NCB/KM/080/ 81 | अजिंगरे खोलाको दुइ ठाउँमा आर .सी सी कल्भर्ट निर्माण | खण्ड १-अजिंगरे खोला कल्भर्ट निर्माण<br>खण्ड २-अजिंगरे घुमाउने घर कल्भर्ट निर्माण तथा<br>खण्ड ३- मेघ बहादुर केसीको घर देखि क्लब चोक सम्म नाला डाडाघर व्यवस्थापन तथा स्तरोन्नति | काम (३५%) सम्पन्न भएको |
| ८ | 008/WORKS/ | साना किसान | खण्ड १-साना किसान सहकारी | ५५०मि बाटो मा subgrade को |

शाखा अधिकृत

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रैडकसग्राम, चितवन, बागमती प्रदेश, नेपाल २०७३

| | | | | |
|---|---|---|---|---|
| | NCB/KM/080/81 | सहकारी चोक देखि हिल्बड हेचरी सम्म बाटो कालो पत्रे | चोक देखि हिल्बड हेचरी सम्म बाटो कालो पत्रे | काम सम्पन्न भइ subbase को काम सुरु भएको |
| ९ | 009/WORKS/NCB/KM/080/81 | जुटपानी देखि शक्तिखोर सडक स्तरोन्नति | खण्ड १-जुटपानी देखि शक्तिखोर सडक स्तरोन्नति | १६३० मि बाटोमा एक तर्फ subgrade को काम सुरु भएको |
| १० | 010/WORKS/NCB/KM/080/81 | चतुर्मुखी सा.व.उ.स देखि खुकुरी चोक हुदै पूर्व बुद्ध चोव्क सम्म कालोपत्रे | खण्ड १-चतुर्मुखी सा.व.उ.स देखि खुकुरी चोक हुदै पूर्व बुद्ध चोक सम्म कालोपत्रे | ९८३ मि बाटो मा subgrade को काम सम्पन्न भएको |
| ११ | 011/WORKS/NCB/KM/080/81 | वार्ड न ०६ को विभिन्न बाटो कालोपत्रे | खण्ड १-वार्ड न ०६ देखि तिवारी चोकसम्म सडक कालोपत्रे<br>खण्ड २-वार्ड न ०६ देखि तिवारी चोकसम्म सडक कालोपत्रे<br>खण्ड ३- टिकाराम आचार्यको घर देखि कालिका ०२ सिमाना जोड्ने बाटो कालोपत्रे वार्ड न ०६ | ४४१ मि बाटो मा ०६ मि बाटो नपुगेको ठाउँ बाहेक अरु ठाउँ मा subgrade को काम हुदै |
| १२ | 012/WORKS/NCB/KM/080/81 | वार्ड न ११ वार्ड कार्यालय देखि मजवांग हुदै राप्ती न .पा ब्रोकाश भन्ज्यांग जोड्ने सडक | खण्ड १-वार्ड न ११ वडा कार्यालय देखि मजवांग हुदै राप्ती न .पा ब्रोकाश भन्ज्यांग जोड्ने सडक कालिका ११ | ग्याबिन तथा नाला को काम हुदै ,cutting को काम सम्पन्न भएको |

शाखा अधिकृत

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय
रैडक्सगाम, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | कालिका ११ | | |
| **सम्झौता भइ कार्यादेश दिन बाँकि योजना** | | | | |
| १ | 013/WORKS/ NCB/KM/080/ 81 | सुन्दर बस्ती घोलको बाटो कालोपत्रे कालिका ०१ | खण्ड १-सुन्दर बस्ती घोलको बाटो कालोपत्रे कालिका ०१ | |
| २ | 014/WORKS/ NCB/KM/080/ 81 | वार्ड कार्यालय पुर्बधार निर्माण कालिका ०५ | खण्ड १-वार्ड कार्यालय पुर्वाधार निर्माण कालिका ०५ | |
| २०८०/११/ २९मा ठेक्का खोल्ने योजनाहरु | | | | |
| १ | 015/WORKS/ NCB/KM/080/ 81 | कालिका नगरपालिका का विभिन्न बाटो मर्मत | खण्ड १- पृथ्वी चोक देखी पूर्व र दक्षिण बाटो<br><br>खण्ड २-भिमौली समुदायक बन गेट देखि कामिनी घाट पुल तर्फ को बाटो<br>खण्ड ३- त्रिशक्ति चोक देखि ५ न वार्ड अफिस रोड<br>खण्ड ४-जुटपानी पदमपुर सिमाना बाटो (आनन्द चोक ,बास्तोला चोक देखि गुम्बा चोक सम्म )<br>खण्ड ५-मोति बहादुर चोक देखि मुरली चोक (गणेश सुनवार को घर )सम्म (गोर्खाली टोल )<br>खण्ड ६-९ न बाटो (चेनेज ०+०००भिमवली बन गेट वार्ड न ५ देखि पूर्ब )<br>खण्ड ७-०१ न बाटो (सृजना चोक | |

शाखा अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | देखि पूर्व बाटो ) | |
| २ | 016/WORKS/ NCB/KM/080/ 81 | पृथ्वी मा .बि तर्फ बाट बुद्धि प्रसाद तिवारी को घर को बाटो कालोपत्रे र साथै बसुन्धरा पाध्या र हरि सिंहको सिमाना देखि होम बहादुरको घर सम्म बाटो उच्चस्तारिय | खण्ड १-पृथ्वी मा .बि तर्फ बाट बुद्धि प्रसाद तिवारी को घर को बाटो कालोपत्रे र साथै बसुन्धरा पाध्या र हरि सिंहको सिमाना देखि होम बहादुरको घर सम्म बाटो | |
| २०८०/१२/ ०४ मा ठेक्का खोल्ने योजनाहरु | | | | |
| १ | 017/WORKS/ NCB/KM/080/ 81 | वार्ड न ७ मा ढल तथा नाला निर्माण (दोस्रो चरण ) | खण्ड १-वार्ड न ७ मा ढल तथा नाला निर्माण (दोस्रो चरण ) | |
| २०८०/१२/ २२ मा ठेक्का खोल्ने योजनाहरु | | | | |

शाखा अधिकृत

नगर कार्यपालिकाको कार्यालय
रत्ननगर नगरपालिका, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| १ | 018/WORKS/NCB/KM/080/81 | गडुवा चोक देखि भरतपुर जोड्ने खगेडी पुलसम्म सडक मर्मत तथा बि .पी चोकदेखि पूर्व ०४ न वार्ड कार्यालय तर्फ सडक मर्मत | खण्ड १- गडुवा चोकदेखि भरतपुर जोड्ने खगेडी पुलसम्म सडक मर्मत खण्ड २ - बि .पी चोकदेखि पूर्व ०४ न वार्ड कार्यालय तर्फ सडक मर्मत | |
| | | | | |

**ठेक्का प्रकृयाका लागि सूचना गर्ने प्रकृयामा रहेका योजनाहरु: हाल कुनै पनि नरहेको**

**IEE र DPR प्रकृया अगडि बढेको योजना -**

- थाङ्खोलादेखि खगेरी खोलासम्म नदी नियन्त्रण योजना
- थाङखोला बुङखोला व्यवस्थापन
- प्रसासकीय भवन landscaping
- थेरावंग खानेपानी, सेरवान खानेपानी योजना ,कालिका १०, चितवन

पुर्वाधार निर्माण सम्बन्धी २०८०/८१ दोस्रो चौमासिक सम्ममा सम्पादित योजनाहरुको विवरण

| क्र सं | निर्माण कार्य | योजना संख्या | निर्माण कार्य | |
|---|---|---|---|---|
| | | | परिमाण | ईकाइ |
| सडक | | | | |
| | पिच निर्माण | | | मिटर |
| | ग्रावेल निर्माण | २ | २६१९ | मिटर |
| | नयाँ ट्र्याक निर्माण | १ | ६०० | मिटर |
| | पिच मर्मत | | | मिटर |
| | सडक मर्मत | ५ | ४१३६० | मिटर |

शाखा अधिकृत

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रेडक्रसग्राम, चितवन बागमती प्रदेश नेपाल २०७३

| | | | | |
|---|---|---|---|---|
| | सडक सम्बन्धी अन्य निर्माण | ५ | ९ (कल्भर्ट निर्माण ) | संख्या |
| | मो◌ायक टायल | २ | १८८ | मिटर |
| जम्मा ग्रावेल सडक २६१९ करिव ४१ किमि मर्मत समेत | | | | |
| भवन | | | | |
| | स्कुल भवन निर्माण | २ | २ | संख्या |
| | सामुदायिक / अन्य भवन रंगरोगन | २ | २ | संख्या |
| | स्कुल भवन तला थप | | | संख्या |
| | स्कुल भवन कोठा थप | २ | २ | संख्या |
| | स्कुल शौचालय निर्माण | २ | २ | संख्या |
| | स्कुल वाल कम्पाउण्ड निर्माण | ५ | ३३३३ | मिटर |
| | स्कुल भवन मर्मत | ४ | ४ | संख्या |
| | मोजयेक टाइल | १ | ६८ | मिटर |
| | सामुदायिक / अन्य भवन निर्माण | ९ | ९ | संख्या |
| | सामुदायिक / अन्य भवन तला थप | | | संख्या |
| | सामुदायिक / अन्य भवन कोठा थप | | | संख्या |
| | सामुदायिक / अन्य भवन मर्मत | | | संख्या |
| | सामुर्दायिक भवन वाल कम्पाउण्ड निर्माण | ७ | ४३१ | मिटर |
| | भवन सम्बन्धी अन्य निर्माण | ६ | ६ | संख्या |
| जम्मा ३२ वटा सार्वजनिक सामुदायिक तथा सार्वजनिक भवन निर्माण/मर्मत/तला/कोठा थप जस्ता कार्य भएका छन्। | | | | |
| सिंचाई | | | | |
| | नयाँ कुलो निर्माण | १० | १४१२ | मिटर |
| | कुलो लाइनिङ | १० | १८९२ | मिटर |
| | डिप बोरिङ निर्माण | १६ | १६ | संख्या |

शाखा अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | सिंचाई सम्बन्धी अन्य निर्माण | ७ | १०८८. ५ मि पाइप विस्तार र इनार निर्माण | संख्या |
| जम्मा ४० वटा सिचाई प्रणाली सम्बन्धी कार्य भएको छ। | | | | |
| खानेपानी | | | | |
| | खानेपानी नयाँ योजना निर्माण | ४ | ४ | संख्या |
| | खानेपानी योजना बिस्तार | ३ | १३०१ | मिटर |
| | खानेपानी योजना मर्मत | २ | २ | संख्या |
| | खानेपानी सम्बन्धी अन्य निर्माण | | | संख्या |
| ८ वटा खानेपानी योजनामा नगरले सहयोग गरेको छ। | | | | |
| | डाइक /इम्ब्याङ्कमेन्ट निर्माण | २ | १०३ | मिटर |
| | ग्याबियन लञ्चिङ एप्रोन निर्माण | २ | १३७ | मिटर |
| | ग्याबियन स्पर निर्माण | ४ | ५ | संख्या |
| | खोला खोल्ने काम | | | मिटर |
| | नदि नियन्त्रण सम्बन्धी अन्य निर्माण | ३ | ३ | संख्या |
| ११ स्थानमा स्पर निर्माण, ग्याविन जाली, खोला खोल्ने आदी निर्माण गरी नदी नियन्त्रणको कार्य भएको | | | | |
| ढल निकास | | | | |
| | नयाँ सडक नाला निर्माण | १ | १००० | मिटर |
| | सडक नाला लाइनिङ | ३ | १६६० | मिटर |
| | ढल निकास सम्बन्धी अन्य निर्माण | २ | २ | संख्या |

६ स्थानमा ढल निकास कार्य भएको

शाखा अधिकृत

नगर कार्यपालिकाको कार्यालय, चितवन, बागमती प्रदेश, नेपाल

विपद् ब्यवस्थापनः

- विपद् व्यवस्थापन कोषबाट बर्षात को कारण क्षती भएको नगरभित्र रहेको विभिन्न बाटोहरुमा ग्रावेल राखी मर्मत गरि सम्पन्न गरिएको ।
- हालको मिति सम्म यस पालिका भित्र चार(४) वटा घरमा आगलागीबाट भएको क्षतिको राहतस्वरूप तत्काल गुजाराको लागि उचित राहत वितरण गरिएको ।
- वडा कार्यालयहरुको सिफारिसमा विपद्ले क्षति पुर्याएका सडक, सिचाई नाला, घोल, मर्मत तथा सफा गर्न, बाटो खुलाउन नगरको जेसिबी लगाएतका हेभी मेसिन उपकरण जे.सी.वी-३३२.७ घण्टा , ग्रेडर ७८.६ घण्टा र मिनी टिप्पर ११८५.३ कि.मि प्रयोग गरिएको ।
- सम्भावित मनसून विपद जोखिम न्युनिकरण सम्बन्धमा नगर क्षेत्र भित्रका सम्बन्धित सरोकारवालाहरु,राजनैतिक दलहरु,सुरक्षा निकायहरु ,सामाजिक संघ-संस्थाहरुसंग तहगत जिम्मेवारी तथा सम्पर्क गरी सूची तयार गर्ने र प्रतिकार्य योजना तर्जुमा भईहरको ।
- नियमित बैठक बसी विपद् व्यवस्थापनमा आवश्यक निर्णय हुने गरेको छ । हाल सम्म ९ वटा बैठक बैठक बसी ३८ वटा निर्णय भएका छन् ।

वन तथा वातावरण

- कालिका नगर भित्रको सामुदायिक वनको योजना र कार्यक्रमलाई नगरपालिकामा अभिलेख गरिएको ।
- ठुला आयोजना गर्दा वातावरणीय अध्यनको प्रतिबेदन स्वीकृत गर्ने कार्य गरिएको ।
- निजी जगाबाट माटोजन्य पदार्थ ब्यबस्थापन गर्न व्यवसायीले पेश गरेको वातावरणीय अध्यन प्रतिबेदनको चेक जाच सम्पन्न भइ माग भए बमोजिमको परिमाणको उत्खनन् कार्य छलफल गरी नियमानुसार अनुमति लिई कार्य सम्पन्न भएको ।
- कालिका नगरपालिकाको मुहान दर्ता कार्यबिधि २०७७ अनुसार हालसम्म ६० वटा मुहान/संस्था दर्ता भएको।
- नदिजन्य पदार्थ बिक्रि परिमाण र राजश्व संकलन

| सि.न. | बिवरण | परिमाण | राजश्व संकलन |
|---|---|---|---|
| १. | ग्रावल | २८६३.९४ | २१०३५६३.९३ |
| २ | ढुंगा | २२३.८५ | २९१००५। |

- सरकारी साधनको प्रयोग र राजश्व संकलन

| सि.न. | साधनको नाम | चलेको घण्टा | राजश्व संकलन | |
|---|---|---|---|---|

शाखा अधिकृत

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रेडक्रसग्राम, चितवन बागमती प्रदेश, नेपाल २०७३

| | | | | |
|---|---|---|---|---|
| १ | ग्रेडर | १०७.१ | १६६६००.०० | बाटो सफा गर्दा लागेको नि: शुल्क उपलब्ध |
| २ | जे.सि.बी. | ३३९.६ | १९३२०.०० | विपद र नगरको काममा प्रयोग |
| ३. | मिनी टिपर | ११८५ .३ कि.मि. | | नगरको औषधी , बिउबिजन तथा अन्य प्रयोजनमा |

<u>आर्थिक प्रशासन शाखा र आन्तरिक लेखापरीक्षण एकाई:</u>

क. हाल सम्मको बजेट खर्चको अवस्था:

| क्र. स | विवरण | खर्च अनुमान | खर्च रु. | खर्च % |
|---|---|---|---|---|
| १ | चालु खर्च | ४२,७०,०६,२५०.०० | २०,४७,७०,१२६।९८ | ४७.९५ |
| २ | पूँजीगत खर्च | ४३४७२९७५० | ८,५५,६३,९१०.५४ | १९.८६ |
| जम्मा खर्च | | ८६१७३६०००. | २९,०३,३४,०३७.५२ | ३३.६९ |

ख. कालिका नगरपालिकाको संचितकोषको अवस्था:

| क्र. स | विवरण | प्रस्तावित आय रु. | वास्तविक आय रु. |
|---|---|---|---|
| 1 | *समानिकरण अनुदान* | | |
| | संघ | १३,४९,००,०००.०० | ६७४,५०,०००.०० |
| | प्रदेश | १,४१,०१,०००.०० | ७०५०५००.०० |

शाखा अधिकृत

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रेडक्रसग्राम, चितवन बागमती प्रदेश, नेपाल २०७३

| | | | |
|---|---|---|---|
| 2 | शर्शत अनुदान | | |
| | संघ | २६९६००००० | १५११४८०००.०० |
| | प्रदेश | २१९८२००० | १०९९१०००.०० |
| 3 | समपुरक अनुदान | | |
| | संघ | ७५००००० | |
| | प्रदेश | ०० | |
| 4 | विशेष अनुदान | | |
| | संघ | १,५०,००,००० | |
| | प्रदेश | ० | |
| 5 | राजश्व बाँडफाँड | २३,४६,९७,००० | १०२१९६२०९.१२ |
| 6 | आन्तरिक स्रोत | ५००००००० .०० | ३२२२९०६१.२२ |
| | गत आ.व को बैंक मौज्दात | ८२४५६००० | ७,४९,६६,२१०.२७ |
| 8 | अन्य संस्थागत आन्तरिक अनुदान | २१५००००० | ३४०८४२३ |
| 9 | जनसहभागिता | १००,००,००० | ५८६३५०.०० |
| | कुल जम्मा | ८६१७३६०००.०० | ४५००२५७५३.६१ |

लेखापरीक्षणः

- ✔ कालिका नगरपालिकाको सार्वजनिक लेखा समिति गठन भई समितिले कार्य गरिरहेको । यस आ व मा हाल सम्म ४ वटा बैठक सम्पन्न ।

शाखा अधिकृत

- ✔ महालेखा परिक्षकको कार्यालयमा २०७८/०७९ सम्मको विभिन्न आ.व को गरी रु.१२,७०,०९,३९७।६२ बेरुजु फर्छौटको लागी पेश भएकोमा गत आ.व मा रु.१०,८३,५८,००० को बेरुजु फर्छौट भएको बाकी रु १८६५१३९७।६२ वेरुजु फर्छौट प्रकृयामा रहेको।
- ✔ आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन कालिका नगरपालिकाको प्रशासनिक खर्च मापदण्ड तथा आन्तरिक नियन्त्रण नियम, २०७९ जारी भई लागु भएको।
- ✔ आ.ब.०७९/०८० को लेखापरिक्षण कार्य सम्पन्न गरि प्रारम्भिक प्रतिवेदन प्राप्त भएकोमा शाखागत छलफल गरि विभिन्न शाखा अन्तर्गतका वेरुजु फर्छौटगर्न साथै सम्परिक्षणको कागजात संकलन तथा विवरण तैयारगर्ने क्रममा रहेको।

**शिक्षा यूवा तथा खेलकुद शाखा**

1. विद्यालय संख्याः सामुदायिक ३५ र संस्थागत ११ जम्मा ४६
2. विद्यार्थी संख्याः सामुदायिक ८८७४ र संस्थागत ३७५३ जम्मा १२६२७
3. शिक्षक कर्मचारी संख्याः सामुदायिक तर्फ ३६०
4. यस वर्षको कुल बजेटः सशर्त तर्फ १७, ९२, ०० हजार (५६.१५% मात्र खर्च भएको) र नगरपालिका तर्फ २,५०, ४१ हजार (३७.९३.% मात्र खर्च भएको)
5. नन बजेटरी कार्यक्रम तर्फ विव्यस गठन, शिक्षक अभिभावक संघ गठन, शिक्षक तथा कर्मचारी करारमा भर्ना, आदि कार्यक्रम आवश्यकतानुसार सम्पन्न गरेको।
6. आर्थिक वर्ष २०७९/०८० को विद्यालयको लेखा परिक्षण प्रतिवेदन सवै विद्यालयहरुको प्राप्त भएको। लेखा परीक्षक नियुक्तीको काम सम्पन्न भएको।
7. शिक्षक तथा कर्मचारीहरुको क्षमता विकाससंग सम्वन्धित तपशिल अनुसारका तालिमहरु सम्पन्न गरेको।
   क) आधारभुत तथा माध्यामिक तहको विद्युतिय हाजिरीको प्रयोग र प्रभावकारिता सम्वन्धी तालिम।
   ख) सिंकाई आपुरण तथा द्रुत सिकाई सम्वन्धी प्र.अहरुलाई अभिमुखिकरण तालिम।
   ग सिंकाई आपुरण तथा द्रुत सिकाई सम्बन्धी इमिस प्रविष्टि तालिम
   घ लेखा व्यबस्थापन तालिम।
   ङ बेकारबाट आविश्कार सम्बन्धी तालिम।
8. यस शैक्षिक सत्र २०८० को लागि समयमै वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन तथा वितरण गरेको।
9. तीन तह (कक्षा १-५, कक्षा ६-८ र कक्षा ९-१२) सञ्चालित विद्यालयका प्र अ वैठक सम्पन्न गरि शैक्षिक सत्र २०८० को शैक्षिक गुणस्तर आवधिक परीक्षा नतिजा विष्लेषण तथा समीक्षा लगायत समसामयिक विषयवस्तु र आगामी शैक्षिक रणनितिको वारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको।
10. स्थानीय विषयवस्तुलाई प्रवर्द्धन गर्न स्थानीय पाठ्यक्रम हाम्रो प्यारो कालिका विद्यालय तहका कक्षा 1-८ को समेत पाठ्यक्रम तया ार भैसकेको साथै कक्षा १-३ को पाठ्यपुस्तक छपाई कार्य सम्पन्न गरी वितरण गरेको र ४-५ को पाठ्यसामाग्री निर्माण कार्य भईरहेको।
11. नगर स्वयम सेवक शिक्षक व्यबस्थापनको कार्य सम्पन्न गरेको।

शाखा अधिकृत

नगर कार्यपालिकाको कार्यालय, कालिका नगरपालिका, चितवन, रैंडकसराम, बागमती प्रदेश, नेपाल २०७३

12. १२ जना वालविकास सहजकर्ता र ७ जना प्रा वि. शिक्षकको आन्तरिक काज सरुवा गरी व्यबस्थापन गरिएको।

13. वाल दिवस २०८० मा कक्षा ८, १०, १२ मा उत्कृट नतिजा हासिल गरेका विद्यार्थीलाई सम्मान तथा पुरस्कार वितरण गरिएको।

14. भारतको हैदरावादमा भएको दक्षिण एसियाली खेलकुद प्रतियोगितामा सहभागी भई विजेता खेलाडीहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको ।

15. नियमित रुपमा प्र अ वैठक तथा अन्तरक्रिया कार्यक्रमहरु भइराखेको।

16. विद्यालयहरूको आ.व. २०७९/०८० सम्मको बाँकी रहेका बेरुजु सम्परीक्षण भइ वेरुजु फछ्यौट समेत भएको।

17. सम्पूर्ण विद्यालय खातामा जानुपर्ने बिद्यालय ब्यबस्थापन अनुदान / दिवा खाजा अनुदान/ सेनिटरी प्याड लगायत अन्य अनुदानहरु निकासा भएको विद्यालयको खातामा पठाइसकेको ।

18. केही सामुदायिक विद्यालयहरुमा विद्युतिय-हाजिरी व्यवस्थापन गरिएको , सो कार्यको शाखाबाट नियमित अनुगमन भईरहेको तथा वाकी सामुदायिक विद्यालयहरुमा पनि लागू गर्नको लागि माग संकलन गरिएको।

19 स्थानीय राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिता कुशलतापूर्वक सम्पन्न भएको।

20. सिकाई आपुरण तथा द्रुत सिकाई सम्बन्धी योजना कार्यान्वयनको चरणमा रहेको।

21. शाखाबाट करिब ७०प्रतिशत विद्यालयहरुको नियमित अनुगमन र कक्षा अवलोकन गरी पृष्ठपोषणको कार्य भइरहेको।

स्वास्थ्य शाखाः

- ११ वटै वडाहरूमा ८० वर्ष माथिका जेस्ठ नागरिक (६८८ जना ) र तथा रातो कार्ड पाएका (अपाङ्गता भएका) ४८ जना व्यक्तिहरुलाई घरैमा गइ श्रावण र असोज महिनामा स्वास्थ्य परिक्षण गरिएको। स्थानीय जनताहरुबाट राम्रो प्रतिक्रिया प्राप्त भएको।
- क्यान्सर, मृगौला प्रत्यारोपण गरेका, डाएलाइसिस गराईरहेका र मेरूदण्ड पक्षघात भएका विरामीहरूको लागि नेपाल सरकारको तर्फबाट मासिक रू ५ ००० को दरले उपलब्ध हुने उपचार खर्च कालिका नगरपालिका भित्रका ५६ जनालाई कार्त्तिक देखी पौष मसान्तसम्म सम्मको रु आठ लाख तीस हजार रकम भुक्तानी भएको ।
- नगरपालिकाले खरिद गरेर बाढ्नु पर्ने निःशुल्क औषधी खरिद गरीसबै स्वास्थ्य सस्थाहरुमा वितरण गरेको।
- नियमित रुपमा सुत्केरी भएका महिलाहरुलाई घरैमा गई आमा तथा नवशिशु को स्वास्थ्य जांच सेवा दिने ब्यबस्था नियमित रुपमा संचालनमा रहेको।
- कालिका नगरपालिका अन्तर्गतका स्वास्थ्य सस्थाहरुको स्वास्थ्य कार्यक्रमहरुको मासिक समिक्षा सम्पन्न भएको।
- पहिलो चौमासिकमा ११ वटा वडाका ७१६ घरधुरीका ३००२ जना व्यक्तिहरुको नगर प्रमुख बिपन्न स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गर्दा रु २५८५६००|०० (पचिस लाख पचासीहाजर छ सय रुपया ) खर्च भएकोमा ,यस चौमासिकमा ११६ घर धुरीका ५१४ जना व्यक्तिहरुको रु ४०९५००|०० को बिमा थप गरी जम्मा ८३२ घरधुरीका ३५१६ जना को २९९५१००|०० बराबरको स्वास्थ्य बिमा गरिएको तथा सिमान्तकृत जात

शाखा अधिकृत

नगर कार्यपालिकाको कार्यालय, कालिका नगरपालिका, रंङकसराम, चितवन, बागमती प्रदेश, नेपाल, २०७३

जातिहरुको स्वास्थ्य बिमा समेत प्रदेश संगको समन्वयमा अगाडी बढाइएको

- नागरिक आरोग्य केन्द्रका लागि आबश्यक पर्ने आयुर्वेदिक औषधि खरिद गरी वितरण गरिएको
- जनस्वास्थ्य कार्यालयको समन्वयमा कालिका नगरपालिकाको २ सय बिघा क्षेत्र र गैरीबारी क्षेत्रमा शंकास्पद क्षयरोगीहरुको खोजपडताल गरी ६ जना नयाँ क्षयरोगी पत्ता लगाइएको
- दादुरा रुबेला खोप अभियान फाल्गुन २२ देखी ३० गतेसम्म संचलनमा रहेको
- चितवन अस्पताल संग को सहकार्यमा चतुर्मुखी मा.बि.मा बृहत बिषेशज्ञ शिबिर गरि ५९८ जनालाई सेवा प्रदान गरिएको
- भरतपुर आखा अस्पतालको समन्वयमा पदमपुर स्वास्थ्य चौकीमा ६०५ जनाको निशुल्क आखा जाच,औषधी तथा चस्मा वितरण र ३८ जनाको नि:शुल्क मोतिया बिन्दु को अप्रेसन गरिएको |
- प्रदेश स्वास्थ्य कार्यालयको समन्वयमा पदमपुर स्वास्थ्य चौकीमा परिवार नियोजन सम्बन्धि शिबिर संचालन गरी २१ जना पुरुषहरुको र ३३ जना महिलाहरुको स्थाई बन्ध्याकरण गरेको |
- कालिका नगर अस्पताललाई Anti Rabies Vaccine centre को रुपमा सुचिकृत गरी हाल कुकुर तथा अन्य रेबिज जन्य जनावरले टोकेमा लगाउनु पर्ने Anti Rabies Vaccine अस्पतालमा प्राप्त भएको ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई पोषण वापतको रकम सम्बन्धित स्वास्थ्य संस्थाबाट नै तत्काल उपलब्ध गराउने व्यवस्था गरिएको।

**महिला बालबालिका तथा समाजकल्याण शाखाः**

16. अपाङ्गता परिचयपत्र वितरणः

| वर्ग | क | ख | ग | घ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| शुरु देखि पहिलो चौमासिक सम्म | ७८ | २२५ | ९७ | २४ | ४२४ | |
| दोस्रो चौमासिकको जम्मा | - | ६ | ३ | - | ९ | |
| जम्मा | ७८ | २३१ | १०० | २४ | ४३३ | |

17. अन्य सम्पादित कार्यहरुः

18. जेष्ठ नागरिक(६० वर्ष माथिका) परिचयपत्र वितरणः शुरुदेखि पहिलो चौमासिक सम्म २२४२ जना,दोस्रो चौमासिकमा १४जना, जम्मा २२५६जना वितरण गरिएको।

19. लैङ्गिक हिंसा विरुद्धङ्को १६ दिने अभियान कार्यक्रममा कार्यपालिका सदस्यहरु, कर्मचारीहरु, विभिन्न संघ, संस्थाको प्रतिनिधीहरुको उपस्थितीमा सम्पन्न गरिएको (२४२ जना उपस्थित/ सहभागी)।

20. उपमेयरसंग बालबालिका कार्यक्रम अन्तर्गत शैक्षिक सामाग्री खरिद भै सकेको वितरण गर्ने कार्य बाकी(१३९४ जना बालबालिका लाभान्वित हुने)।

21. नि:शुल्क लोकसेवा तयारी कक्षा संञ्चालनको शुरुवात वडा न. १ देखि ११ सम्म (५० जना सहभागी )।

22. बाल बिवाह विरुद्धको सचेतनामुलक कार्यक्रम कालिका वडा न.८ र ९मा सम्पन्न गरिएको (१२३ जना सहभागी)।

शाखा अधिकृत

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन, बागमती प्रदेश, नेपाल २०७३

23. टोल विकास संस्थाहरु बीच बालश्रम विरुद्धको सचेतना कार्यक्रम १५७वटा टोल विकास संस्थाका अध्यक्ष एवम् प्रतिनिधीहरुलाइ सम्पन्न गरिएको (१७३ जना सहभागी)।

24. कार्यक्रम तथा बजेटको लैङ्गिक परिक्षण कार्यक्रम कार्यपालिका सदस्य,शाखा प्रमुख र कर्मचारीहरु बीच सम्पन्न भएको (५१ जना सहभागी)।

25. ११४औ अन्तराष्ट्रिय महिला दिवशको अवसरमा १ दिवसीय कानूनी सचेतनामूलक प्रशिक्षण अन्तक्रिया कार्यक्रममा कार्यपालिका सदस्यहरु,कर्मचारीहरु,महिला सहकारी संस्था,आमा समुह,टोल विकास संस्थाका प्रतिनिधीहरुको उपस्थिती रहेको (३१५ जना सहभागी)।

26. अपाङ्गता परिक्षण तथा अपाङ्गता परिचयपत्र वितरण दोस्रो चौमासिकमा गरिएको (९जनालाइ वितरण)।

27. आमा बाबु विहिन वालबालिकालाई संरक्षण भत्ता वितरण दोस्रो चौमासिकको कार्य जारी (६जना लाभग्राही )।

28. मध्यम अपाङ्गता भएका व्यक्तिहरुलाइ सामाजिक सुरक्षा भत्ता व्रितरण दोस्रो चौमासिकको कार्य जारी (१०० जना लाभान्वित हुने)।

29. महिलाहरुको सिप विकास अन्तर्गत ड्राइभिङ/हलुका सवारी चालक तालिमको लागि ७०जनाको निवेदन प्राप्त, कार्यक्रम संचालनको प्रकृयामा रहेको।

**कृषि तथा पशुसेवा शाखाः**

**कृषि बिकास शाखा तर्फ**

| सि नं | क्रियाकलाप | हालसम्म भएका कार्यहरु |
|---|---|---|
| १ | पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम | ९ जना कृषकलाई १२४ कट्ठामा सयपत्री फुल खेतीमा अनुदान दिई कार्य सम्पन्न |
| २ | मागमा आधारित साना कृषि मेशिनरी औजार ५०% अनुदानमा वितरण | ईलेक्ट्रिक स्प्रे ४४ वटा र डिजिटल काँटा १६ वटा कृषि मेशिनरी औजार लाभग्राही कृषकलाई वितरण सम्पन्न ।<br>मकै रोप्ने मेसिन ४ वटा<br>मकै छोडाउने मेशिन १० वटा र<br>मिनिटिलर १० वटा कृषि मेशिनरी औजार खरिद संझौता भई कार्यन्वयनमा रहेको |

शाखा अधिकृत

| | | |
|---|---|---|
| ३ | मागमा आधारित केरा प्रवर्द्धन कार्यक्रम | कार्यक्रम संचालन हुने जम्मा क्षेत्रफल ४२३ कट्ठा<br>१२ जना कृषकसँग सम्झौता भई कार्यान्वयनमा रहेको। |
| ४ | प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत भर्मी कम्पोष्ट (गड्यौले मल) ८० % अनुदानमा वितरण कार्यक्रम | कार्यक्रम संचालन हुने जम्मा क्षेत्रफल २५० कट्ठा<br>१ जना कृषकको कार्य सम्पन्न र ४ जना कृषकसँग सम्झौता भएको |
| ५ | मागमा आधारित कागती तथा मेवा खेति प्रवर्द्धन कार्यक्रम | कार्यक्रम संचालन हुने क्षेत्रफल ६८ कट्ठा<br>२ जना कृषकको कार्यसम्पन्न भएको र बाँकी ८ जना सँग सम्झौता भई कार्यन्वयनमा रहेको। |
| ६ | आकस्मिक बालि संरक्षणको लागि बानस्पतिक, जैविक, रासायनिक बिषादी खरिद बितरण | मकैमा लाग्ने फौजी कीराको प्रकोप नियन्त्रण गर्न २१५ जना कृषकलाई २८०० प्याकेट मकैमा लाग्ने फौजी किरांको बिषादी बितरण |
| ८ | सामूहिक खेती गर्ने कृषक समूह तथा सहकारी संस्था मार्फत कार्यक्रममा ५० प्रतिशत अनुदान सहयोग | कार्यक्रम संचालन हुने क्षेत्रफल २५ कट्ठा<br>न्युरेनी ताजा तरकारी तथा फलफुल सहकारी सँस्था कालिका ८ न्युरेनी सँग सम्झौता भई कार्यन्वयन भईरहेको। |
| ९ | लागत साझेदारीमा साना तथा मझौला सिँचाई आयोजना निर्माण तथा मर्मत कार्यक्रममा ५० प्रतिशत | १ वटा कार्य सम्पन्न । १९ वटा उपभोक्तासँग सम्झौता भई कार्यन्वयनमा रहेको |
| १० | समस्यामा आधारित स्थलगत घुम्ती तालिम | प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत ३ वटा २ दिने तालिम र बेमौसमी तरकारी उत्पादन सम्बन्धि ३ वटा २ दिने तालिम सम्पन्न |
| ११ | मकैबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत मकैको बिउ वितरण (५०% अनुदान) | ७४० केजी रामपुर हाईब्रिड १० र ६०० के जी रामपुर कम्पोजिट मकैको बिउ बितरण |

शाखा अधिकृत

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रक्सिराङ, चितवन, बागमती प्रदेश, नेपाल २०७३

**मल व्यवस्थापन तर्फः**

सवै वडाहरूमा मल प्राप्तिको लागि कृषक मलकार्ड लागु गरिएको । मलकार्ड लागु भए पश्चात अनावश्यक मल माग गर्ने वा भण्डारण गर्ने कार्य कम भएको छ ।

कालिकाको लागी आबस्यक मलको परिणाम युरिया – ३०२०० बोरा डि ए पी – १५४०० बोरा.

- म्युरेट अफ पोटास - १८२०० बोरा

**आ.व. २०८०/८१ फाल्गुन २८ गतेसम्म प्राप्त जम्मा रसायनिक मल आपुर्ति भएको मलको परिमाण**

- युरिया – ८८०० बोरा डि ए पी – ३८१५ बोरा.
- म्युरेट अफ पोटास - १३७५ बोरा

**बिक्रेताहरुः** सहकारीहरु: १३ वटा एग्रोभेटहरु: ११ वटा

कृषकको खेतबारीमा देखिएका समस्याहरुको नियमित अनुगमन भएको ।

२६५ जना कृषकलाई कृषि सम्बन्धि प्राबिधिक सेवा प्रदान गरिएको ।

**पशु सेवा तर्फः**

***हालसम्म सम्पादन भएका मुख्य क्रियाकलापहरूः***

- बिश्व रेविज दिवसको अवसरमा निजी तथा सामुदायिक कुकुर र बिरालो ६०५ र नियमित तर्फ ८३ गरि हाल सम्मः ६८८ वटा कुकुर र बिरालोलाई रेविज रोग बिरुद्द निशुल्क खोप लगाईएको छ ।
- पशुपन्छी उपचार र परजिवि नियन्त्रण सेवा तर्फ **१५३५३** वटा पशुहरुमा उपचार तथा निशुल्क औषधि बितरण गरिएको छ ।
- प्रयोगशाला सेवा तर्फ **९२८** पशुहरुको गोवर तथा दुध परिक्षण गरिएको छ ।
- बोका बन्ध्याकरण सेवा तर्फ **८९७** वटा बोकालाई बन्ध्याकरण गरिएको छ ।
- गाई भैसीमा लाग्ने लम्पीस्किन रोग विरुद्ध खोप लगाउने कार्यक्रममा दु.उ.सहकारी संस्थाहरुको सहकार्यमा जम्मा **६१९५** गाई भैंसीहरुलाई निशुल्क खोप सेवा प्रदान गरिएको छ ।
- भेडाबाख्राहरुमा लाग्ने पिपिआर रोग नियन्त्रणका लागि नगर भित्रका १ देखि ११ बटै वडाका **१६ हजार** बाख्रामा निशुल्क खोप सेवा प्रदान गरिएको छ ।
- पशु उत्पादकत्व वृद्धि गराउने खालको घाँसको विउ बिजन र विरुवा उपलब्धताको लागि कार्यक्रम अन्तरगत ५९०० के.जि. हिउदे घाँसको बीउ तथा ३५०० के.जि बर्षे सुडान घाँसको बीउ खरिद गरी निःशुल्क बितरण गरिएको छ ।
- नश्ल सुधारको लागि कृत्रिम गर्भाधान सेवा तर्फ **३६५४** वटा गाई भैंसीहरुमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको ।
- बिमा कम्पनीबाट बिमा भएका गाई/भैंसी/बाख्रा मृत्यु पश्चात बिमाबाट पाउने क्षतिपूर्ति रकम भूक्तानीको लागि **८० वटा** सिफारिस गरिएको ।

शाखा अधिकृत

- आकस्मिक मृत्यू भएका पशुहरुको रोग पहिचानको लागि बाख्रा ११ ,गाई ५ र भैसी ३ बटाको पोष्टमार्टम गरिएको ।

**पशुसेवा शाखाबाट भैरहेका क्रियाकलापहरू:**

| सि नं | क्रियाकलाप | हालसम्म भएका कार्यहरु |
|---|---|---|
| १ | गाई भैसीमा लाग्ने लम्पीस्किन रोग विरुद्ध खोप लगाउने कार्यक्रम | सम्पन्न |
| २ | विश्व रेविज दिवस तथा रेविज विरुद्ध भ्यक्सिनेसन कार्यक्रम | सम्पन्न |
| ३ | पशु उत्पादकत्व वृद्धि गराउने खालको घाँसको विउ बिजन र विरुवा उपलब्धताको लागि कार्यक्रम अन्तरगत हिउदे घाँसको बीउ बीतरण | सम्पन्न |
| ४ | परजिवि नियन्त्रण र उपचार सेवाको लागि औषधि खरिद | सम्पन्न |
| ५ | पशुमा नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम | निरन्तर भैरहेको |
| ६ | गाईभैसीको गोठ सुधार | सम्झौता हुने क्रममा |
| ७ | च्यापकटर वितरण कार्यविधि अनुसार छनौट भएका किसानहरुको लागि | सम्झौता हुने क्रममा |
| ८ | बाख्राको खोर सुधार कार्यक्रममा अनुदान कार्यक्रम निरन्तरता ४ वटा खोरको लागि | सम्झौता हुने क्रममा |
| ९ | ह्विल व्यारो बितरण | सम्झौता हुने क्रममा |
| 10 | मत्स्य विकास कार्यक्रम | सम्झौता हुने क्रममा |
| ११ | पशुपंक्षिको आहारा दानाको उत्पादनको लागि कम्बाइन मिल वितरण | सम्झौता हुने क्रममा |
| १२ | नश्ल सुधार कार्यक्रम प्रजनन जन्य उन्नत ब्याडे बोका वितरण तथा हस्तान्तरण (८० प्रतिशत अनुदानको कृषकको तर्फबाट २० प्रतिशत लागत साझेदारी रहने) | सम्झौता हुने क्रममा |
| १३ | १ दिने स्थलगत गाई / भैसि / बाख्रा / बंगुर लगायत पंक्षिपालन तालिम | सम्पन्न |
| १४ | भेडा बाख्रामा लाग्ने पिपिआर रोग बिरुद्ध खोप अभियान | सम्पन्न |
| १५ | पशु उपचारात्मक सेवाको लागि उपकरण खरिद | खरिद प्रक्रियामा रहेको |

शाखा अधिकृत

| | | |
|---|---|---|
| १६ | वडा न. ११ को लागि परजिवि नियन्त्रण र उपचार सेवाको औषधि खरिद | खरिद प्रक्रियामा रहेको |

**भवन तथा बस्ती विकास शाखा र स्थानीय भूमि परिषद्**

१. **घर नक्शा पास तर्फ**

| सि.नं | सूचना जारी गरेको संख्या | प्रथम चरण इजाजत ( अस्थायी संख्या) | दोस्रो इजाजत (स्थायी संख्या) | निर्माण सम्पन्न संख्या |
|---|---|---|---|---|
| १. | २९ | १५ | १० | २२ |

२. **घर अभिलेखीकरण कार्य तर्फ (आ.व २०८०/०८१)**

| सि.नं | सूचना जारी गरेको संख्या | घर अभिलेखीकरण सम्पन्न संख्या |
|---|---|---|
| १. | ४०२ | १३० |

३. **घर मूल्यांकन ( मालपोत रजिस्ट्रेसन् प्रयोजनको लागि )**

शाखा अधिकृत

नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, बागमती प्रदेश, नेपाल २०७३

| सि.नं | मूल्यांकन संख्या | कैफियत |
|---|---|---|
| १. | १६<br>( मिति २०७९/११/०५ को कार्यपालिका बैठकको निर्णयानुसार मिति २०८०/०५/२७ देखि वडालाई मूल्यांकनको अधिकार प्रत्यायोजन भएको) | ( मालपोत रजिस्ट्रेसन प्रयोजनको लागि ) |

४. **अमिन माग तर्फ**

| सि.नं | अमिन सेवाको माग संख्या | अमिन सेवा दिईएको संख्या | कैफियत |
|---|---|---|---|
| १. | ९० | ७२ | बाकी १८ वटा अमिन माग निबेदन दिइ मानिस सम्पर्कमा नआएको र जग्गा वर्गिकरणको सिफारिश कामको कारणले हुन नसकेको |

**स्थानीय भूमि परिषद् तर्फ**

१. कुल बैठक निर्णय: ३ वटा

२. जग्गा बर्गीकरण सिफारिश संख्या : भू उपयोग बर्गीकरण भई ६ वटा (५००० ब. मी क्षेत्रफल भन्दा माथि) जग्गाधनीको बर्गीकरण सिफारिश प्रदान गरिएको र मिति २०८०/०६/३० गतेको भू-उपयोग परिषद्को र नगर कार्यपालिकाको बैठक निर्णयबाट जग्गा वर्गीकरण गरी सिफारिश गर्ने अधिकार वडा कार्यालयलाई जिम्मेवारी प्रदान गरिएको ।

३.आर्थिक बर्ष २०८०/८१ मा बाटो लगतकट्टा संख्या = २८

४. कालिका नगरपालिका भू उपयोग वर्गीकरण कार्यबिधि २०७९ र जग्गा बर्गीकरण मापदण्ड २०७९ तयार गरी जग्गा बर्गीकरण कार्य सुचारु।

५. कालिका नगरपालिका भवण निर्माण तथा नक्शा पास निर्देशिका २०८० र कालिका नगरपालिका भवन निर्माण तथा नक्सा पास निर्देशिका २०८० लागु गरि गरि घर नक्शा पास र घर अभिलेखीकरण कार्यको भईराखेको ।

**भूमि आयोगको काम सम्बन्धी:**

जम्मा जमिन नाँपजाँचको अवस्थाः वडा नं. १,२,३,४,५,६,७ र ८ मा

जम्मा परिवार संख्याः ३७९५

नापी भएको जग्गा क्षेत्रफलः ४८६ विगाह

नापी सम्पन्न जग्गा कित्ता संख्याः ५१९६

शाखा अधिकृत

नगर कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय टेडकसग्राम, चितवन बागमती प्रदेश, नेपाल २०७३

| |
|---|
| अब जमिन नापजाँच हुन बाँकी क्षेत्रः वडा नं ९,१० र ११ तथा वडा नं. ३ र ८ केहि नापी कार्य बाँकी |
| **उद्योग दर्ता सम्बन्धी:**<br>हाल सम्मको उद्योग दर्ताको अवस्थाः २९<br>नविकरण भएको जम्माः १२<br>उद्योग व्यवसाय बन्द : १० |

३.कालिका नगरपालिकाले सम्पादन गरेका कार्यहरुको सेवा सम्बन्धि नागरिकहरुको अभिमत सहजकर्ता एवं पत्रकार श्री सन्तकुमार चौधरीले सकलन गरिएको विवरण प्रस्तुतीकरण गरिएको थियो ।

१। खुल्ला सत्रको सहजकर्ता एवं पत्रकार श्री रामकांत पौडेलले संचालन गर्नु भएको थियो ।उक्त कार्यक्रममा १५ जना व्यक्तिहरुले नगरको विभिन्न बिषयहरुमा आफ्नो आफ्नो धारणा, जिज्ञासा र प्रश्नहरु राखेका थिए । जसमा केही यस प्रकार रहेको छ ।

क० कार्यालयको प्रशासकीय भवन निर्माणमा किन ढिला भएको ।

ख० भूमि आयोगबाट नापी भएको जग्गाको कहिले सम्म जनताले पुर्जा प्राप्त गर्न सक्छन, कार्यालयको तयारी कसरी अगाडि बढेको छ ।

ग. व्यक्तिगत घटना दर्ता अभिलेख र दर्ता गर्दा लाग्ने शुल्कमा पुन विचार गर्नुपर्यो ।

घ. भवन मापदण्ड र नक्सापास नभई भवन निर्माण भएको छ जिज्ञासा राख्दा प्रकृया झन्जटिलो भएकोले यस तर्फ पालिकाको ध्यान जावस ।प्राबिधिक इष्टिमेट नेपालीमा गर्दा सबैले बुझिने हुन्छ , फोहर व्यवस्थापनको पहल गरिनुपर्ने , बजार अनुगमन नियमित गर्न उपयुक्त हुने, नदिजन्य पदार्थको समुचित व्यवस्थापनमा जोड ।

औधोगिक क्षेत्र संचालनमा सङ्घीय, एवं प्रदेश सरकारसंग समन्वय गरि पहल गर्नुपर्ने, रोजगारीका अवसर सिर्जना गर्नुपर्ने, आवश्यकता अनुसार सीप क्षमताका कार्यक्रम संचालन गर्नुपर्ने ।

च. दलित बर्गका परम्परागत पेशालाई प्रवर्धन गर्ने कार्यक्रम संचालन गर्नुपर्ने, शिक्षाको गुणस्तर वृद्धि गर्न कार्यक्रम संचालन गर्नुपर्ने, चोरी बढिरहेको छ, यस तर्फ ध्यान दिनुपर्ने तुलनात्मक सुधार भएका बिवरण प्रस्तुत गर्दा बढी प्रभावकारी हुने आदि ।

५. नगरपालिकाले गरेका प्रतिवद्धताः-

१. सार्वजनिक सुनुवाईमा सेवाग्राहीको संख्यामा उल्लेखनीय वृद्धि गरिने छ । कार्यक्रमको प्रभावकारिता ल्याउन नगर क्षेत्रका सेवा प्रदायक सस्थाको समेत उपस्थिति गराईने र प्रचार प्रसारमा जोड दिईनेछ ।

शाखा अधिकृत

नगर कालिका नगरपालिकाको कार्यालय रत्ननगर, चितवन बागमती प्रदेश, नेपाल २०७३

२. सेवा प्रवाहको औजरको रुपमा रहेको नागरिक अभिमत – पत्रमा प्राप्त सुझावहरुलाई प्रवाभकारी रुपमा कार्यन्वयन गरि स्वच्छ प्रशासनिक सेवा प्रवाहमा जोड दिईनेछ ।

३. चौमासिक रुपमा भए गरेका कार्यहरु विभिन्न संचारका मध्यम, वेबसाइट तथा सामाजिक संजाल मार्फत सार्वजनिकीकरण गरिनेछ ।

४. कालिका नगर अस्पतालबाट प्रदान गरिने सेवालाई बढी प्रभावकारी बनाई सेवा केन्द्रित हुन सुधारका कार्यक्रम संचालन गरिनुका साथै बिमा कार्यक्रमबाट प्रदान गरिने औसधी व्यवस्थित एवं सुधार गरिनेछ ।

कार्यक्रमको अन्त्यमा नगरपालिकाका नगर प्रमुख श्री बिनोद रेग्मी ज्युले सेवाग्राहीले उठाएका प्रश्न सुझावहरुलाई समेटी आफ्नो धारणा व्यक्त गर्नु हुदै जिज्ञासा राखुहुने सबैलाई धन्यवाद दिदै कार्यक्रममा उठेका बिषयबस्तुलाई गम्भीरताका साथ लिईएको आगामी दिनमा सकारात्मक सुधार भएको महसुस गर्ने गरि कार्यक्रम संचालन गर्ने र नगरको समग्र विकास र सम्बृद्धिका लागि आफु लागि परेको , यस्ता सकारात्मक सुझावले थप हौसला एवं प्रेरणा मिलेको भन्दै कार्यक्रम समापन गर्नु भएको थियो ।
कार्यक्रम करिव ५.३० बजे समापन गरिएको थियो ।
धन्यबाद

शाखा अधिकृत

कालिका नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल
२०७३